मिति: २०८२/०७/३० | ने.सं. ११४६ कछलागा ११ आइतबार | बैठक संख्या - ४

आज मिति २०८२/०७/३० गते आइतबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को चौथो गाउँ कार्यपालिका बैठकद्धारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

१८. कार्यालय सहयोगी श्री पवित्रा चोङ्वाङ..........

१९. कार्यालय सहयोगी श्री विवेका योङहाङ..........

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/०७/३० नेसं. ११४६ कछलागा ११ आइतबार बैठक संख्या - ४

**प्रस्तावहरु**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१।०८२ को मलेपको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।
४. ढुङ्गा गिटी बालुवाको अमानतबाट निकासी गर्ने सम्बन्धमा।
५. निकाशी करको पुन: ठेक्का सम्बन्धमा।
६. रोजगार योजना छनौट सम्बन्धमा।
७. करारमा कर्मचारी पदपुर्ति सम्बन्धमा।
८. मेड्पा कार्यक्रम सञ्चालनको लागि वडा छनौट सम्बन्धमा।
९. स्थानीय विदा सम्बन्धमा।
१०. सार्वजनिक सुनुवाईमा उठेका सवालको छलफल तथा समिक्षा सम्बन्धमा।
११. पाँचसैया अस्पताल भिओ सम्बन्धमा।
१२. आठराई छातेढुङ्गामा भलिबल खेल्न गएका खेलाडीहरुको खर्च भुक्तानी सम्बन्धमा।
१३. असक्त, विपद तथा अन्य आर्थिक सहायता सम्बन्धमा।

मिति: २०८२/०७/३० नेसं. ११४६ कछलागा ११ आइतबार बैठक संख्या - ४

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | ९८ | २०८२-०७-२१ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | जानकारी सम्बन्धमा। | अख्तियारको आव २०८१।०८२ को बाइसौं बार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक स्थलमा क्युआर टाँस्ने। |
| २. | ९६ | २०८२-०७-२१ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | उजुरी सम्बन्धमा। | अन्य कार्यपालिका बैठकमा बृहत छलफल गरी आवश्यक कार्य गर्ने। |
| ३. | ४६ | २०८२-०७-२८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थापन शाखा) | अपिल प्रेशित गरिएको सम्बन्धमा। | वायु प्रदुषण सम्बन्धी वातावरण विभागको अपिल कार्यान्वयन गर्न सार्वजनिक स्थलमा अपिल टाँस गर्ने तथा सार्वजनिक सुचना प्रशासन गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि तेश्रो बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. - ३**

लेखा परिक्षण ऐन, २०७५ अनुसार यस हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को महालेखा परिक्षकको कार्यालय कोशी प्रदेश लेखापरिक्षण निर्देशनालय काठमाण्डौद्धारा वित्तिय विवरण तथा कारोबारको परिक्षण गरी जारी गरेको प्रारम्भिक प्रतिवेदन उपर गहन छलफल गरि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) मा उल्लेखित समय अवधिभित्र प्रतिक्रिया सहित समपरिक्षण गर्नको लागि आर्थिक प्रशासन शाखा प्रमुख तथा प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ४**

यस गाउँपालिकाको तपशिलको खोला तथा क्षेत्रबाट नदिजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम वार्षिक रुपमा संकलन जम्मा **२७४१६ घ.मि. कुल जम्मा हुने रकम रु ६७,७६,४१२।- (अक्षरुपी सतसठ्ठी लाख छयात्तर हजार चार सय बाह्र रुपैयाँ मात्र) (कोशी प्रदेश आर्थिक ऐन २०८१) हुन आउने रकम बराबरको** आवश्यक ठेक्का प्रक्रिया चार वटा खण्डमा विभाजन गरि पहिलो पटक प्रकाशित मिति २०८२।०५।०६ गते र दोस्रो पटक प्रकाशित मिति २०८२।०६।०१ मा ठेक्का तथा शिलबन्दि दरभाउपत्र आह्वान गर्दा पनि कुनै फर्म कम्पनी वा ठेकेदारले बोलपत्र पेश नगरेको हुदाँ ढुंगा गिट्टी बालुवाको उत्खनन् तथा बिक्रि वितरण कार्य अमानतबाट गर्नपर्ने भएको हुदाँ कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ अनुसूची ६ बमोजिम हिमाली र पहाडी जिल्लामा भ्याट बाहेक संकलन दर प्रति क्यू फिट रु ६।–छ रुपैंयाँका दरले ट्याक्टर, ट्रिपर र ८ चक्के ट्रिपरको क्षमताका आधारमा राजश्व असूल गरि नदिजन्य पदार्थ संकलन/वितरण गर्नका लागि अमानतबाट प्रकृयाबाट अगाडी बढाउने र तपशिल बमोजिमको दररेट निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | सवारी साधनको नाम | क्षमता क्यूविक फिट | राजश्व रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १ | ट्याक्टर | ८८.२० क्यू फिट | ५९८/- | २.५ घन मिटर |
| २ | ट्रिपर ६ चक्के | २६४.६ क्यू फिट | १७९३/- | ७.५ घन मिटर |
| ३ | ट्रिपर ८ चक्के | ४४१ क्यू फिट | २९९०/- | १२.५ घन मिटर |

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिकाको क्षेत्रबाट निकासी भई अनुसूची ५ बमोजिमको वस्तुहरुको निकासीका लागि हिलिहाङ गाउँपालिकाको आर्थिक ऐन २०८२ अनुसूची ५ बमोजिमको कर संकलन गर्ने प्रयोजनका लागि आ व २०८१।०८२ मा हिलिहाङ गाउँपालिकाबाट आह्वान गरि रु १ लाख ७५ हजारको दरमा निकासी करको आय ठेक्का व्यवस्थापन भएकोमा मिति २०८२।०३।२९ गतेको स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुसार आ व २०८२।०८३ का लागि रु ५ लाख (मु अ कर बाहेक) मा ठेक्का आह्वान गरेकोमा कुनै पनि व्यवसायीले प्रस्ताव पेश नगरेको कारण गाउँपालिकाले आ व २०८२ श्रावण महिना देखि अमानतबाट राजश्व संकलनका लागि हेवाखोला नजिकैबाट निकासी कर संकलन गर्दै आएको छ। पालिकाले लगभग २ महिनाको अन्तरालमा निकासी कर व्यवस्थापन गर्दा लागत ज्यादै नै धेरै भएको र राजश्वको संकलनको अवस्थाले प्रशासनीक खर्च समेत धान्न धौ-धौ पर्ने भएको हुदाँ सो सम्बन्धी ठेक्का व्यवस्थापन गर्नका लागि न्यूनतम रकम रु ३ लाख मु अ कर बाहेक को बढाबढ रकममा ठेक्का आह्वान गर्दा कूनै फरक नपर्ने र जसबाट पालिकालाई अतिरिक्त प्रशासनीक व्ययभार समेत नपर्ने अवस्थालाई दृष्ट्रिगत गरि तोकीएको रकममा बढाबढ बाट ठेक्का आह्वान गर्ने मिति २०८२।०५।२३ गतेको कार्यपालिका बैठकले निर्णय गरेकोमा पुन: पनि ठेक्का नलागेको कारण निकाशी गर्ने समग्र समयवधिको करिव ४ महिना व्यतित भई सकेको अवस्था उल्लेखित अवस्थालाई दृष्ट्रिगत गरि न्युनतम रुकम रु २ लाख मु अ कर बाहेक बढाबढ रकममा ठेक्का आवहान गर्ने।

**निर्णय नं. - ६**

प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिकमा आधारित आयोजना स्ञचालन अन्तर्गत न्यूनतम रोजगारी सृजना गर्न यस गाउँपालिका भित्र तपसिल बमोजिमका वडाहरुमा सोहि बमोजिमका योजना तथा श्रमिक संख्या छनौट गर्ने निर्णय पारित गरियो।

| सि.नं. | योजनाको नाम | वडा नं. | श्रमिक संख्या | जम्मा श्रमिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिमिटार गोलाइ हुँदै सवस्टेसन जाने गोरेटोबाटो मर्मत | १ | | ११ | |
| २ | गैरिगाउँ अमरपुर हुँदै स्वास्थ्यचौकी आम्बोटे गोरेटोबाटो मर्मत | | | | |
| ३ | सिंहपुर फलाँटे भदौरे त्रिवेणी मोटरबाटो मर्मत तथा सोलिङ | २ | | १२ | |
| ४ | सिंहपुर पशुपति मा.वि. ठेसवाल निर्माण | | | | |
| ५ | देउराली साम्रे डाँडे मोटरबाटो मर्मत | ३ | | ११ | |
| ६ | जोरचिहान कुर्लुम्बा काब्रे मोटरबाटो मर्मत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | नक्कले घाट, ढकाल गाउँ, मझैटार हुँदै मध्यपहाडी जोड्ने गोरेटोबाटो मर्मत सम्भार | ४ | | ११ | |
| ८ | डुँडे खोला, तामेधारा हुँदै हाङ्यकपुङ जाने गोरेटोबाटो मर्मत सम्भार | | | | |
| ९ | मतिमे जेभाले माझगाउँ हुँदै निलगिरी मो.बा. नाली तथा सोलिङ | ५ | | ११ | |
| १० | पगरी गोलाइ सुम्लिबुङ मो.बा. सोलिङ तथा गो.बा. मर्मत | | | | |
| ११ | वडा निर्णय बमोजिम | ६ | | ११ | |
| १२ | वडा निर्णय बमोजिम | | | | |
| १३ | पाथिभरा मन्दिर जाने बाटो सिडि निर्माण हिलिहाङ ७ | ७ | | १२ | |
| | जम्मा | | | ७९ | |

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिकाद्धारा म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य, घरटोलमा स्वास्थ्य र प्रवर्द्धन कार्यक्रमको लागि सेवा करारमा मिति २०८२।०५।०९ गते जनस्वास्थ्य अधिकृत सातौं लागि विज्ञापन गरिएको, सामी कार्यक्रम अन्तर्गतको मनोसामाजिक मरामर्शकर्ता सहायक स्तर पाँचौं तथा अपाङ्ता भएका सेवाग्राही, अपाङ्गता भएको ब्यक्ति तथा परिवारसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नको लागि अपाङ्गता सहजकर्ता सहायकस्तरको विज्ञापन मिति २०८२/०५/१६ गते गरिएकोमा जेन्जी आन्दोलनको सफलता पश्चात गठित संघीय सरकारको मिति २०८२/०६/०५ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने भनी परिपत्र गरिएकोले वर्क लोड तथा सेवा प्रवाहमा समेत मनोसामाजिक परामर्शकर्ता बाहेक अन्य पदहरुमा करारमा पदपुर्ति गर्दा तथा नगर्दा तात्विक भिन्नता नपर्ने हुनाले उक्त पदहरुमा करारमा कर्मचारी भर्ना तत्काललाई स्थगन गर्ने तर सामी कार्यक्रम अन्तर्गतको मनोसामाजिक परामर्शकर्ता सहायकस्तर पाँचौंका लागि मन्त्रालयसँग राय लिई आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

मिति: २०८२/०७/३० नेसं. ११४६ कछलागा ११ आइतबार बैठक संख्या - ४

**निर्णय नं. - ८**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद -४, दफा २१ बमोजिम स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सहभागितामूलक स्थानीय योजना तर्जुमाको सिद्दान्तको आधारमा कार्यक्रम संचालन गर्न यस गाउँपालिकाको ४ र ५ नं वडामा कार्यक्रम कार्यान्वयन गर्न सर्वसम्मत बाट निर्णय गरियो ।

**निर्णय नं. - ९**

मिति २०८२ साल मङ्सिर ३ गते बुधबार बाला चतुर्दशी व्रत/शतबीज छर्ने दिनको अवसरमा हिलिहाङ गाउँपालिका वडा नं. ५ र ६ को संगमस्थल चतुरे र जोरपोखरीबजार परिसरमा ऐतिहासिक बाला चतुरे मेला लाग्ने भएकोले उक्त १(एक) दिन गाउँपालिका क्षेत्र भित्रको सरकारी तथा गैर सरकारी कार्यालय, वडा कार्यालय, सम्पूर्ण सामुदायिक/संस्थागत विद्यालयहरू तथा अन्य संघ-संस्थाहरूमा १(एक) स्थानीय विदा दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - १०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा ५ बमोजिम यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०८१।८२ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न योजना तथा कार्यक्रमहरु तथा आ.व २०८२।०८३ को प्रथम त्रैमासिकमा सम्पन्न योजना तथा कार्यक्रमहरु सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा नियमावली, २०६५ को नियम १९ बमोजिम आम नागरिक, बुद्धिजिवि, सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि मिति २०८२।०७।२६ गते बुधवारका दिन सञ्चालित सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवाल तथा प्रश्नहरुको सम्बन्धमा गम्भिर ध्यानाकर्षण भई थप प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि आफ्नो आफ्नो तर्फबाट सामुहिक प्रतिवद्धता जाहेर गर्ने ।

**निर्णय नं. - ११**

पाँच शैयाको अस्पतालको Approach Road को Kerbstone र Interlocking Block कार्यलाई RCC को कार्य गर्ने गरी Variation Order का सम्बन्धमा सडक/पूर्वाधारसँग सम्बन्धित ईन्जिनियरलाई हायर गरी नागरिक समाज, आम उपभोक्ता, जनप्रतिनिधी, अस्तपाल व्यवस्थापन समिति समेतको स्थलगत प्रतिवेदन तथा प्राविधिक प्रतिवेदनका आधारमा Variation Order जारी गर्ने ।

**निर्णय नं. - १२**

आठराई गाउँपालिका वडा न ५, छातेढुङ्गाले आयोजना गरेको आठराई छातेढुङ्गामा मिति २०८२।०७।०९ गते देखि मिति २०८२।०७।१५ गते सम्म दिपावली मेला २०८२ को अवसरमा हिलिहाङ गा पा पाँचथरबाट "नारायण र ईश्वरा संग्रौला रनिङ कप पालिका स्तरिय पुरुष भलिवल प्रतियोगिता" अन्तर्गत १३ जना खेलाडी सहभागी भई प्रथम स्थान हाँसिल गरेको हुँदा खेलाडीलाई यातायात र विविध खर्च बापत रु १,३५,५०० को विल भपाई पेश गरेको हुँदा अन्तरपालिका खेलाडी सहभागिता वापत खर्च शिर्षकबाट रु.१,००,०००।- रकम भुक्तानी गर्न प्र.प्र.अ. लाई निर्देशन दिने ।

मिति: २०८२/०७/३० | ने.सं. ११४६ कछलागा ११ आइतबार | बैठक संख्या - ४

**निर्णय नं. - १३**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई कार्यविधि अनुसार सम्बन्धित व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।